# बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक २०७९।०८०।०८ — २०७९ फाल्गुण


| Statement of patients flow for the month of Magh 2079 | |
|---|---|
| **OPD** | **No. of patients** |
| General Practice & Emergency Medicine | 1391 |
| **Special OPD** | |
| Pediatrics & Adolescent Medicine | 1820 |
| Internal Medicine | 4216 |
| Obstetrics & Gynaecology | 3208 |
| General Surgery | 2869 |
| Cardiology | 1080 |
| Gastroenterology & Hepatology | 615 |
| Pulmonary, Critical Care & Sleep Medicine | 657 |
| Dental | 1396 |
| Dermatology & Venerology | 1879 |
| Otorhinolaryngology and Head & Neck Surgery | 1947 |
| Ophthalmology | 827 |
| Orthopedics | 2923 |
| Psychiatry | 1013 |
| CTVS | 1 |
| Unspecified in MIDAS | 755 |
| | **Total: 25206** |
| **Emergency** | |
| Central | 2090 |
| Obstetrics & Gynecology | 723 |
| Pediatrics | 889 |
| | **Grand Total: 30299** |
| Paying (EHS) | 1742 |
| Nepal Govt. Social Insurance Scheme | 19723 |
| Other different Schemes | 8834 |
| Ward (IPD) | 3813 |
| ICU/CCU/DICU/SICU | 158 |
| NICU/PICU/MICU/Nursery | 132 |
| Dialysis | 1134 |
| ***Source: Medical Record Section & Nursing Service*** | |

## प्रदेश नं. १ की माननीय स्वास्थ्य मन्त्री लिम्बूद्वारा प्रतिष्ठानमा निरीक्षण भ्रमण



प्रदेश नं. १ की माननीय स्वास्थ्य मन्त्री निर्मला तावा लिम्बूले प्रतिष्ठानमा २०७९ फाल्गुण २ गते निरीक्षण भ्रमण गर्नुभएको थियो । उक्त क्रममा प्रतिष्ठानको उपकुलपतिको बैठक कक्षमा भएको छलफल कार्यक्रममा माननीय स्वास्थ्य मन्त्री लिम्बूले बाहिर सञ्चार माध्यममा प्रतिष्ठानको बारेमा नकारात्मक सन्देश आए जस्तो समस्या नरहेको बारे आफु प्रष्ट हुन पाउँदा खुशी व्यक्त गर्दै प्रतिष्ठानको बिकासका लागि चाँडै कार्ययोजना बनाउने तथा आवश्यकीय सहयोग गर्ने समेत प्रतिबद्धता जनाउनु भयो । यस क्रममा वहाँले प्रतिष्ठानमा प्रदेश नं. १ का नागरिक मात्र नभई अन्य प्रदेश तथा मित्रराष्ट्र भारतको सीमावर्ती क्षेत्रका नागरिकहरु समेत उपचारका लागि आउने गरेको हुँदा सबैले सर्वसुलभ उपचार पाउनेगरी आवश्यक व्यवस्था मिलाउँदा राम्रो हुने धारणा व्यक्त गर्नु भयो । कार्यक्रममा प्रदेश सचिव डा.अनुज भट्टचनले स्वास्थ्य सम्बन्धी केन्द्रियस्तरमा नीति बनाउन आवश्यक रहेको बताउनु भयो ।

सोही कार्यक्रममा प्रतिष्ठानको तर्फबाट आफ्नो शैक्षिक, स्वास्थ्य सेवा, र आर्थिक क्षेत्रहरुमा भए गरेका प्रगती विवरण समेत प्रस्तुत गरिएको थियो । अस्पताल निर्देशक डा.जगत नारायण प्रसादले प्रतिष्ठानबाट हाल प्रवाह गरिदै आएको स्वास्थ्य उपचार सेवा सुविधाहरु लगायत थप सेवा विस्तारका लागि गर्नुपर्ने कार्यहरुका बारेमा तथा शैक्षिक डीन प्रा.डा.शिवेन्द्र झाले शैक्षिक क्षेत्रको बिकास विस्तारका बारेमा आ-आफनो प्रस्तुती दिनु भयो भने आर्थिक प्रशासन महाशाखा प्रमुख मोहन कुमार राईले प्रतिष्ठानको विद्यमान आर्थिक अवस्था बारेमा विवरण प्रस्तुत गर्नु भएको थियो।



सो छलफल कार्यक्रम पश्चात माननीय स्वास्थ्य मन्त्रीले प्रतिष्ठानको इमर्जेन्सी

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरूको Soft copy पठाउंदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं ।

- सूचना तथा सञ्चार केन्द्र

लगायत विभिन्न वार्ड / ल्याबहरुको निरीक्षण गर्नु भयो ।
निरीक्षणको क्रममा वहाँले इमर्जेन्सी वार्डका बिरामीहरुसँग उपचार सम्बन्धमा समेत चासो लिनु भएको थियो । स्वास्थ्य मन्त्री सहितको टोलीसंग प्रतिष्ठानका निमित्त उपकुलपति प्रा.डा.सन्जीव कुमार शर्माले अस्पतालको वर्तमान अवस्था र भावी योजनाको बारेमा आफ्नो धारणा राख्दै प्रतिष्ठान र प्रदेश सरकार बीच समन्वय गरेर अघि बढ्नु पर्ने आजको आवश्यकता रहेको बारे प्रकाश पार्नु भयो । निरीक्षण पश्चात माननीय स्वास्थ्य मन्त्री लिम्बूले सञ्चारकर्मीहरुसँग समेत संक्षिप्त कुराकानी गर्नुभएको थियो ।

## शिक्षाध्यक्ष प्रा.डा.शर्मालाई निमित्त उपकुलपतिको जिम्मेवारी



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७९ माघ १९ गतेको माननीय मन्त्री तथा सहकुलपतिस्तरीय निर्णयानुसार मिति २०७९ माघ २० गते देखि प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.संजीव कुमार शर्मालाई प्रतिष्ठानको दैनिक प्रशासनिक तथा आर्थिक कार्यलाई निरन्तरता दिनका लागि अर्को व्यवस्था नभएसम्म निमित्त उपकुलपतिको जिम्मेवारी तोकिएको छ।

## प्रतिष्ठानमा नयाँ स्नाकोत्तर छात्रबास (PG Hostel) भवनको निर्माण कार्य सम्पन्न

उपकुलपति डा.ज्ञानेन्द्र गिरिले मिति २०७९ पौष १४ गते शिलालेख अनावरण गर्दै नयाँ स्नाकोत्तर छात्राबास (PG Hostel) भवनको उद्घाटन गर्नु भएको थियो । उक्त अवसरमा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.संजीव कुमार शर्मा, अस्पताल निर्देशक डा.जगत नारायण प्रसाद, शैक्षिक डीन प्रा.डा.शिवेन्द्र झा, डेपुटी अपताल निर्देशक डा.इन्द्र लिम्बू, होस्टेल वार्डेनहरु, सामान्य प्रशासन शाखा,



सिभिल ईन्जिनियरिङ्ग शाखाका प्रमुखहरु लगायत प्रतिष्ठानका शिक्षक, कर्मचारीहरुको उपस्थिती थियो । ३८ युनिट क्षमताको उक्त होस्टेलको निर्माण सँगै विगतमा प्रतिष्ठानमा स्नातोकत्तर छात्रबास अभावको समस्यामा राहत महशुस भएको छ ।

## प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागमा थप सेवा विस्तार



प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागद्वारा बिरामीहरुको उपचारका लागि दिइदै आएको विशिष्ट सेवाहरुमा थप विस्तार गरिएको छ ।

विभागले गर्भवती महिलाहरुमा देखापर्ने मधुमेह र थायराईडको असन्तुलन जस्ता स्वास्थ्य समस्याहरुको उपचारका लागि Pregnancy & Diabetes and Thyroid Clinic (गर्भवती तथा मधुमेह र थायराईड क्लिनिक) को शुरुवात गरेको छ । २०७९ फाल्गुण १ गते देखि लागू हुने गरी हरेक बुधबार देखि सञ्चालनमा आएको क्लिनिकको विशेषज्ञ चिकित्सक इन्टर्नल मेडिसिन विभागका प्रमुख डा.रबिन मास्के हुनुहुन्छ ।

साथै, विभागले सोही मिति देखि हरेक बिहिबार बिहान १०:०० बजे देखि १:०० बजेसम्म सञ्चालन हुने गरी Geriatric Clinic (Frailty/Multi-Morbidity Clinic) को थप सेवा शुरु गरेको छ । यस किसिमको Frailty/Multi-Morbidity Clinic नेपालमा नै पहिलो पटक प्रतिष्ठानमा शुरु भएको हो । उक्त क्लिनिक ज्येष्ठ नागरिक (Geriatric) हरुलाई उमेरका कारणले हुने आन्तरिक कमजोरी (Frailty) का साथै



शारिरीक तथा मानसिक समस्याहरु जस्तै निन्द्रा नलाग्ने, खाना नरुच्ने, थकान महशुस हुने आदि तथा दुई वा सो भन्दा बढि रोगहरु (Multi-Morbidity) भएका हरुको उपचार गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको हो । त्यस्ता किसिमको स्वास्थ्य समस्या देखा परी ओ.पी.डी. मा जचाँउन आउँदा ज्येष्ठ नागरिकहरुले लामो समय पालो कुर्नु नपरोस् र भीडका कारणले सास्ती खेप्नु नपरोस् भन्ने मनसायले छुट्टै क्लिनिक सञ्चालनमा ल्याइएको हो । एउटै बिरामीलाई लामो समय लगाएर चेकजाँच गर्नुपर्ने भएको हुँदा अहिलेको शुरुवाती चरणमा एक पटकमा १५ जना बिरामीहरुलाई मात्र सेवा प्रदान गर्ने बिभागको योजना रहेको छ । यस किसिमको सेवाहरुबाट ज्येष्ठ नागरिकमैत्री स्वास्थ्य प्रणालीको विकासलाई सहयोग पुग्ने विश्वास लिइएको छ । उक्त क्लिनिकमा डा.उर्जा भट्टराईले विशेषज्ञ चिकित्सकको रुपमा सेवा दिनु हुनेछ । वहाँले भारतको नयाँ दिल्ली स्थित All India Institute of Health Sciences (AIIMS) बाट Geriatric Medicine विषयमा स्नाकोत्तर गर्नु भएको हो । वहाँ

Geriatric Medicine विषयको नेपालमै पहिलो महिला चिकित्सक हुनुहुन्छ ।

ज्येष्ठ नागरिकहरुको स्वास्थ्य उपचारलाई अझ बढी प्राथमिकताका साथ सहज रुपमा सेवा प्रवाह गर्न प्रतिष्ठान सदैव प्रतिबद्ध रहँदै आएको छ। यसै सन्दर्भमा प्रतिष्ठानको अस्पताल निर्देशकको बैठक कक्षमा २०७९ माघ २१ गते ज्येष्ठ नागरिकको स्वास्थ्य उपचार सम्बन्धमा प्रदेशस्तरिय छलफल भएको थियो । उक्त छलफलमा ज्येष्ठ नागरिकहरुले प्रतिष्ठानबाट पाउने सेवा सुविधाको बारेमा चासो राखिएको थियो भने प्रतिष्ठानले दिंदै आएको स्वास्थ्य सेवाको प्रभावकारिताको बारेमा समेत सुझाव दिइएको थियो ।

ज्येष्ठ नागरिकसँग सम्बन्धित प्रदेश नं. १ का १४ वटै जिल्लामा रहेका संस्थाहरुका प्रतिनिधिहरुबाट प्रतिष्ठानले पहिलो प्राथमिकतामा राखेर ज्येष्ठ नागरिकहरुलाई स्वाथ्य उपचार सेवा दिनुपर्ने सुझाव प्राप्त भएको थियो । प्रतिष्ठानबाट चाँडैनै सामाजिक सेवा ईकाई मार्फत उपचारमा आउने ज्येष्ठ नागरिक लगायत अपाङ्गता भएका बिरामीहरुलाई समेत उपचारमा सहयोग गर्ने प्रतिबद्धता जनाइयो ।

## कलेज अफ नर्सिङ्गमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न



प्रतिष्ठानको कलेज अफ नर्सिङ्ग अन्तर्गत साइक्याट्रिक नर्सिङ्ग विभागको तत्वावधानमा मिति २०७९ माघ १८ गते “Interprofessional Collaboration for Better Patient Outcome” शिर्षकमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । एम.एस्स.सी. नर्सिङ्गको पाठ्यक्रम अनुरुप हुने गरेको यस किसिमको गोष्ठी यो पटक २०२१ ब्याचका विद्यार्थीहरुको आयोजनामा भएको थियो। उक्त गोष्ठीमा प्रतिष्ठानका सम्पूर्ण वार्ड ईन्चार्जहरुलाई सहभागी गराइएको थियो । उद्‌घाटन समारोहमा प्रतिष्ठानका शैक्षिक डीन प्रा.डा.शिवेन्द्र झाले विभिन्न पेशाविद्‌हरुसँगको सहकार्य बिरामीको उपचारका लागि निकै आवश्यक भएको उल्लेख गर्नुभयो ।



साथै, नर्सिङ्ग कलेजद्वारा गरिएको शैक्षिक गुणस्तर निरन्तरताको प्रशंसा गर्दै विद्यार्थी जीवनमै यस्तो ब्यवस्थित कार्यक्रम आयोजना गर्नुभएकोमा विद्यार्थी तथा शिक्षकवर्गहरुमा धन्यवाद ज्ञापन गर्नुका साथै यस्ता कार्यक्रमले अस्पतालको सेवास्तर वृद्धि गर्न सघाउने छ भन्ने आशा पनि व्यक्त गर्नुभयो । उक्त उद्‌घाटन सत्रमा सहायक शैक्षिक डीन, कलेज अफ नर्सिङ्गका सम्पूर्ण विभागिय प्रमुख लगायत शिक्षक, कर्मचारी र शैक्षिक शाखाका शाखा प्रमुखको उपस्थिति रहेको थियो ।

कार्यक्रमको प्रमुख अतिथिका रुपमा रहनुभएका कलेज अफ नर्सिङ्गका निमित्त चीफ, प्रा.रमानन्द चौधरीले निकै महत्वपूर्ण विषयमा कार्यक्रम सञ्चालन गर्नुभएको र भविष्यमा यस्ता कार्यक्रमहरु आयोजना गर्दा वार्ड इन्चार्जहरुलाई मात्र नभएर अस्पतालका सम्पूर्ण विभागका कर्मचारीहरुलाई सहभागी गर्नसके अझै प्रभावकारी हुने कुरा अवगत गराउनुभयो ।

उक्त कार्यक्रमले विद्यार्थीहरुले कार्यशाला गोष्ठी आयोजना गर्न प्रकृया सिकाउनु र वार्ड इन्चार्जहरुले अन्तरपेशागत संयोजनका प्रत्येक बुँदाहरुलाई मनन् गरी बिरामीको उपचार थप उत्कृष्ट बनाउन मद्दत पुऱ्याउछ भन्ने अपेक्षाका साथ आयोजना गरिएको थियो ।

टेक्निकल सत्रको शुरुवात गर्दै मेट्रोन श्री हरि कुमारी राईले अन्तरपेशा बीचको सहकार्य, यसको महत्वको विषयमा प्रकाश पार्दै आफ्नो सेवा अनुभव बाड्नुभयो । कार्यक्रममा Assertiveness, Autonomy, Responsibility, Co-ordination, Communication र Collaboration जस्ता Components अस्पतालमा बिरामीको सेवा प्रवाहमा निकै महत्वपूर्ण भएको भन्ने व्याख्या Role play र सामूहिक छलफल मार्फत प्रकाश पारिएको थियो ।




यस कार्यक्रमका अध्यक्ष साइक्याट्रिक नर्सिङ्ग विभागकी प्रमुख प्रा.समी लामाले अन्तर बिभागीय समन्वय कायम गर्नका लागि समय समयमा अस्पतालका सम्पूर्ण विभागहरुलाई समावेश गरी बैठक बस्दा अन्तर बिभागीय समन्वय कायम रही बिरामीको सेवामा सहजता हुनुका साथै उत्कृष्ट उपचार सेवा हुने र विशेष गरी यस्तो कार्यको नेतृत्व वार्ड इन्चार्जहरुले लिई बिरामीको उत्कृष्ट सेवा गरीरहनु भएकोले पहिलो प्राथमिकतामा राखी वहाँहरुलाई सहभागी गराइएको बारे प्रकाश पार्नु भयो ।

कार्यक्रमका सहभागीहरुले उक्त कार्यक्रम निकै प्रभावकारी रहेको र यसले आफुले गर्दै आइरहेको सेवा अझै प्रभावकारी ढंगले प्रवाह गर्न थप टेवा पुग्ने धारणा व्यक्त गर्नुभयो ।

## सडक सुरक्षा तथा चोटपटक रोकथाम सम्बन्धी एक दिने गोष्ठी प्रतिष्ठानमा सम्पन्न



मिति २०७९ माघ ११ गते प्रतिष्ठानको Health Professions Education (HPE) हलमा सडक सुरक्षा तथा चोटपटक रोकथाम सम्बन्धी एक दिने गोष्ठी सम्पन्न भएको छ । गोष्ठीमा प्रतिष्ठानका पदाधिकारी, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक कार्यालय, यातायात व्यवसायीका प्रतिनिधि र प्रतिष्ठानका चिकित्सक, विद्यार्थीहरुको सहभागीता रहेको थियो । छलफलमा सडक दुर्घटना न्यूनिकरण र सडक सुरक्षाको बारेमा छलफल भएको थियो । गोष्ठीमा WHO का सडक सुरक्षा अधिकृत सुनिल पोखेलले स्वास्थ्य मन्त्रालय र प्रादेशिक मन्त्रालय बीचको सहकार्य, एम्बुलेन्स निर्देशिका र सडक दुर्घटना न्यूनिकरणका लागि अहिलेसम्म भएका प्रयासहरुको बारेमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो ।

सडकमा सवारी चलाउँदा सवारी चालकले सामान्य नियम समेत पालना नगर्दा दिन प्रतिदिन सडक दुर्घटनाको संख्या बढ्ने गरेको कार्यक्रममा सहभागी जिल्ला ट्राफिक कार्यालयका ईन्स्पेक्टर श्याम कुमार बस्नेतले बताउनु भयो । वहाँले ट्राफिक प्रहरीले चेकजाँच गरेर मात्र सवारी दुर्घटना कम नहुने भएकोले चालक आफै सजग हुनुपर्ने सुझाव पनि दिनु भयो । कार्यक्रममा सडक दुर्घटना पछि गरिने कानूनी प्रकृयाको बारेमा जिल्ला प्रहरी कार्यालयका डिएसपी बुद्व श्रेष्ठले सहजिकरण गर्नु भएको छ । छलफलमा डा.निलाम्बर झाले सडक दुर्घटनाको तथ्यांकको बारेमा सहभागीहरुलाई जानकारी गराउँदै सवारी चलाउँदा सबैले आफ्नो सुरक्षाको ख्याल राख्नु पर्नेबारे सुझाब दिनु भएको थियो भने यातायात ब्याबसायी सरोज श्रेष्ठले सडक दुर्घटनालाई न्यूनिकरणका लागि सरकारले बढी जिम्मेवार हुनुपर्ने धारणा राख्नु भयो । त्यसैगरी कार्यक्रममा सहभागी धरान उपमहानगर पालिकाका कबिराज रामबाबु यादबले सडक दुर्घटना न्यूनिकरणका लागि पालिका स्तरमा समेत कार्यकम सञ्चालन गर्ने बताउनु भयो । कार्यक्रममा प्रतिष्ठानका शिक्षाध्यक्ष डा.सन्जीव कुमार शर्माले आवश्यक नभएको ठाउँमा सवारी चलाउनु आफ्नो आयु घटाउनु मात्र भएकोले सकेसम्म सवारी नचलाउन सुझाव दिनु भएको छ । कार्यशाला गोष्ठी WHO को आर्थिक सहयोग तथा प्रतिष्ठानको ब्यवस्थापनमा आयोजनामा सम्पन्न भएको हो ।

## नेपाल तथा जापानको Society of Oral & Maxillofacial Surgeons को 13th Joint Scientific Meeting सम्पन्न



Nepalese Society of Oral and Maxillofacial Surgeons (NSOMS) तथा Japanese Society of Oral and Maxillofacial Surgeons (JSOMS) को १३औं Joint Scientific Meeting मिति २०७९, २० - २१ गते प्रतिष्ठानको अडिटोरियममा सम्पन्न भएको थियो । यस संगै Oral and Maxillofacial Surgery विषयमा हाल स्नाकोत्तरमा अध्ययनरत



नेपालभरीका विद्यार्थीहरुको अधिवेशन पनि सम्पन्न भएको थियो । प्रतिष्ठानको Oral and Maxillofacial Surgery विभागको आयोजनामा मुल नारा "Conquering through collaboration" रहेको उक्त कार्यक्रममा दुई जना जापान तथा तीन जना भारतबाट गरी ८० जना भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो । यसैक्रममा स्नाकोत्तरका विद्यार्थीहरुलाई लक्षित गरी गरिएको Panel discussion मा "Effective patient management and future affiliations and carrier perspectives" विषयमा फलदायी छलफल भएको थियो । यसका साथै कार्यक्रममा २७ वटा वैज्ञानिक शोधपत्र Hybrid format मा प्रस्तुत गरिएको थियो जसमा National Academy of Medical Science (NAMS) की डा.रेशा शर्माले प्रथम स्थान, सोही संस्थाकी डा.अन्नु दत्ताले दोश्रो स्थान र Kathmandu University of Medical Science (KUMS) का डा.अंकित कलवार गुप्ताले तेश्रो स्थान हासिल गर्नुभएको थियो । कार्यक्रममा प्रतिष्ठानका तर्फबाट परिक्षा डीन प्रा.डा.कृष्णा पोखरेल तथा कलेज अफ डेन्टल सर्जरीका चिफ प्रा.डा.आशिष श्रेष्ठले अतिथि मन्तब्य दिनुभएको थियो भने बिराट मेडिकल कलेज तथा शिक्षण अस्पताल, बिराटनगरका डा.मनोज भट्टराई अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी, कार्यक्रमको प्रमुख आकर्षण रहेको Pre-conference workshop on Patient Specific Implants (PSI) तथा Virtual surgical planning नेपाल मै पहिलो पटक सम्पन्न भएको डा.मेहुल राज जैसानीले

बताउनु भयो । पैतालिस जनाको सहभागिता रहेको सो Pre-conference Workshop भारतबाट आउनु भएका विशेषज्ञ चिकित्सक डा.आत्रेय राजगोपाल, डा.हेमा अंकुला तथा डा.प्रशान्त रे को सक्रिय संलग्नतामा भएको थियो । यसका साथै कार्यक्रममा Journal of NAOM-JNAOMS को विमोचन पनि गरिएको थियो ।

कार्यक्रममा Oral Medicine & Radiology, Oral Pathology तथा Orthodontics जस्ता अन्य विषयका विषेशज्ञ चिकित्सकहरुको समेत सहभागिता रहेको हुंदा कार्यक्रमलाई Multispeciality Meet भन्दा सान्दर्भिक अर्थ लाग्ने डा.जैसानीको धरणा रहेको छ । कार्यक्रमको अन्त्यमा NAOMS का कार्यकारी सदस्य डा.आलोक साग्तानीले समापन मन्तब्य दिनु भएको थियो ।

## सर्जरी विभागद्वारा एक दिने CME कार्यक्रम सम्पन्न



प्रतिष्ठानको सर्जरी विभागद्वारा २०७९ माघ ६ गते Health Professions Education (HPE) विभागको तालिम हलमा "Basic Advance Laparoscopic Skills" सम्बन्धी एक दिने CME (Continue Medical Education) कार्यक्रम सम्पन्न भएको छ । सर्जरी विभागका प्रमुख प्रा.डा.राकेश कुमार गुप्ताको नेतृत्वमा संचालन भएको उक्त CME कार्यक्रममा Energy Sources बिषयमा प्रा.डा.गुप्ता, Post Placement & Vascular Anastomoses बिषयमा डा.सुरेश प्रसाद साह तथा Laparoscopic Suturing & Bowel Anastomoses विषयमा डा.अभिजित कुमार ठाकुरले आ-आफ्नो प्रस्तुती दिनुभएको थियो भने उक्त बिषयहरुमा Hands on Training समेत सम्पन्न भएको थियो । उक्त CME कार्यक्रमबाट प्रतिष्ठानमा सर्जरी विषयमा स्नाकोत्तर तहमा अध्ययनरत चिकित्सक विद्यार्थीहरुलाई चिकित्सा शिक्षा क्षेत्रमा भएका नयाँ खोज तथा अन्वेषण सम्बन्धमा सिक्ने अवसर प्राप्त भएको थियो ।

## परिक्रमा पत्रिका प्रकाशन



प्रतिष्ठानको परिक्रमा विद्यार्थी परिवारले बार्षिक रुपमा प्रकाशन गर्दै आएको परिक्रमा पत्रिकाको २५औं अंक गत पौष २३, २०७९ का दिन विभिन्न कार्यक्रमहरुको आयोजना गर्दै प्रतिष्ठानको अडिटोरियममा पदाधिकारी, शिक्षक, चिकित्सक, कर्मचारीहरुको उपस्थितीमा सार्वजानिक गरिएको थियो। शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माको प्रमुख आतिथ्य रहेको उक्त कार्यक्रममा प्रतिष्ठानको पहिलो ब्याचका विद्यार्थीहरु तथा परिक्रमा परिवारको संस्थापक सदस्यहरु प्रा.डा.नारायण बिक्रम थापा, प्रा.डा.सुरज बज्राचार्य, डा.देवब्रत जोशी तथा डा.पुष्पराज जोशीको पनि उपस्थिती थियो ।

कार्यक्रमको अन्तर्क्रिया सत्रमा उपस्थित प्रथम ब्याचका विद्यार्थीहरुले परिक्रमा विद्यार्थी परिवारको सुरुवात र सो बेला देखि हालसम्म प्रतिष्ठानमा देखिएका परिवर्तनहरुको बारेमा चर्चा गर्नुका साथै आफुले प्रतिष्ठानमा व्यतित रमणिय क्षणहरु तथा गुरु शिष्यहरुको बीच एकै परिवारको जस्तो आत्मियता रहेको बारेमा स्मरण गर्नुभयो ।

उक्त कार्यक्रममा विद्यार्थीहरुको मतका आधारमा प्रतिष्ठानको उत्कृष्ट शिक्षक तथा उत्कृष्ट विभागको रुपमा चुनिएका शिक्षक तथा विभागहरुलाई पुरस्कृत गरिएको थियो । सो क्रममा उत्कृष्ट शिक्षकमा बेसिक साइन्स तर्फ फर्माकोलोजी विभागका एसिस्टेन्ट प्रोफेसर डा.दिपेश राज पाण्डे, क्लिनिकल साइन्स तर्फ फरेन्सिक मेडिसिन विभागका एसोसिएट प्रोफेसर डा.अभिषेक कर्ण, दन्त चिकित्सा तर्फ कन्जर्भेटिभ डेन्टिस्ट्री एण्ड इण्डोडोन्टिक्स विभागका एसोसिएट प्रोफेसर डा.अशोक अैयरका साथै नर्सिङ्ग तर्फ साइकियाट्री नर्सिङ्गकी एसोसिएट प्रोफेसर कृती थापालाई पुरस्कृत गरिएको थियो । त्यसैगरी, उत्कृष्ट विभागमा बेसिक साइन्स तर्फ एनाटोमी, क्लिनिकल साइन्स तर्फ साइकियाट्री, दन्त चिकित्सा तर्फ ओरल एण्ड म्याक्जिलोफेसियल सर्जरी तथा नर्सिङ्ग तर्फ मेडिकल सर्जिकल नर्सिङ्गलाई पुरस्कृत गरिएको थियो ।



कार्यक्रमको अन्त्यमा प्रतिष्ठानमा अध्ययनरत सम्पूर्ण संकाय तथा ब्याचका उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई पनि पुरस्कृत गरिएको थियो भने यस वर्ष ईन्टर्नसिप पुरा गरेका विद्यार्थीहरुलाई विदाई गर्ने क्रममा मायाको चिनो स्वरुप स्मारिका प्रदान गरी विदाई गर्दै कार्यक्रमको समापन गरिएको थियो ।

**Patients Care Record of Covid- 19 Hospital, BPKIHS**
**(Month of Magh, 2079)**

Total admission: 0
Total Discharge: 0
Total PCR Test: 31
Total Positive: 1
Total Follow Up Positive: 0
Death: 0

**Source: Covid Hospital & Dept. of Microbiology**

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| **Ophthalmology (Eye)** | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan G. Shrestha | Dr. Shailesh Mani Pokharel | Dr. Bhuwan G. Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan G. Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | Dr. Sangita Shah | Dr. Shailesh Mani Pokharel | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| | Dr.Shailesh Mani Pokharel | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | | |
| **Psychiatry** | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| **Orthopedics** | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan |
| | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu |
| | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung |
| **Internal Medicine** | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | Dr. Prashant Mani Tripathi | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | |
| **Cardiology** | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| **Gastroenterology & Hepatology** | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| **Pulmonary, Critical Care and Sleep Medicine** | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| **General Surgery** | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah |
| | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar |
| | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| **GI Surgery** | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| **CTVS** | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| **Otorhinolaryngology and Head & Neck Surgery (ENT)** | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya |
| **Dertamatology & Venerology** | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| **General Practice & Emergency Medicine** | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| **Obstetrics &Gynaecology** | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| **Pediatrics & Adolescent Medicine** | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | | | | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

*Source : Concerned Departments*

**Status of Operations done in Magh, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 354 | 358 | 37 | 41 | 107 | 33 | **930** |
| Obst. & Gynae | 359 | 19 | 3 | 0 | 84 | 6 | **471** |
| Emergency | 88 | 15 | 7 | 17 | 11 | 2 | **140** |
| Day Care | 0 | 0 | 12 | 28 | 44 | 97 | **181** |
| Derma * | 0 | 0 | 0 | 0 | 764 | 80 | **844** |
| **Total** | **801** | **392** | **59** | **86** | **1010** | **218** | **2566** |

**General OT : 1870** — *Number of safe abortion care service done : 72*

**Paying OT: 696** — *Number of cases done in Cardiac Catheterization Laboratory: 140*

** Asthetic procedures included in minor: 91*

*Source: Office of the Metron*

**सम्पादन समूह**

डा.अञ्जु प्रधान, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृत प्रसाद ढकाल, जनसम्पर्क सल्लाहकार
दिव्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सिनियर क्लर्क

सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu